नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १६ २०८१ साल साउन १८ गते शुक्रबार (2 Aug. 2024 Friday) मूल्य रु. ५/-




**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : गत आवमा वीरगञ्ज भन्सारबाट... ३ पृष्ठमा : सूचना प्रविधिको माध्यमबाट ... ३ पृष्ठमाभारतमा आकस्मिक बर्षापछि...

# सहकारी रकम अपचलन प्रकरणमा पक्राउ परेका तातेड जेल चलान

**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

कान्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका सचिव सिद्धार्थ तातेडलाई जिल्ला अदालत सप्तरीले पूर्पक्षका लागि बिहीबार जेल चलान गरेको छ ।

न्यायाधिश संजिव पोखरेलको एकल इजलाशले थुनछेक बहस सकिएपछि तातेडलाई पूर्पक्षका लागि थुनामा राख्ने आदेश जारि गरेको हो ।

सहकारी संस्थामा बचतकर्ताले जम्मा गरेको दुई करोड भन्दा बढी रकम नपाएको भन्दै प्रहरीमा उजुरी गरेपछि उक्त संस्थाका संचालक समितिका सचिव तातेडलाई गत साउन ३ गते पक्राउ गरिएको थियो । त्यसपछि सहकारीको रकम ठगि तथा आपराधिक विश्वासघात मुद्दामा प्रहरीले पाँच/पाँच दिन गरि दुई पल्ट अदालतबाट हिरासतमा राखी अनुसन्धान गर्न थप म्याद र अनुमति प्राप्त गरेको थियो । तेश्रो पटकको थुनछेक बहसमा तातेडको तर्फबाट अधिवक्ता



महेन्द्र चौधरी, शिवकुमार चौधरी, अशोक चौधरी र नवराज क्षेत्रीले बहस गरेका थिए । यस्तै जाहेरवालाको तर्फबाट सरकारी वकिलका साथै अधिवक्ता हेमनारायण चौधरी र सुरेश सिंहले बहस पैरवी गरेका थिए ।

बि.स. २०८० साउन १९ गते बचतकर्ताको रकम फिर्ता नगरी संस्थाका सात जना संचालक सम्पर्कविहीन भएको भन्दै संस्थाका उपाध्यक्षसहित ४६ जना बचतकर्ताले तातेडसहित सातै जनाविरुद्ध प्रहरीमा उजुरी दिएका थिए ।

संचालक समितीमाथी

*बाँकी दुई पृष्ठमा*

# पत्रकार धम्क्याउने मण्डल पक्राउ, कारवाहीका लागि जिल्ला प्रशासनलाई ध्यानाकर्षण



**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**


समाचारको विषयलाई लिएर पत्रकारलाई फोनमार्फत धम्क्याउने महादेवा गाउँपालिका ६ का अभिशेक मण्डल बिहीबार पक्राउ परेका छन् । उनलाई राजविराजबाट पक्राउ गरेको हो ।

राजविराज दैनिक पत्रिकाका प्रकाशक तथा समाचार संयोजक तथा नेपाल पत्रकार महासंघ सप्तरीका कोषाध्यक्ष समेत रहेका नवीनकुमार गुप्ताले साउन ११ गते उक्त पत्रिकामा "महादेवा गाउँपालिकामा कामै नगरि करोडौंको भुक्तानी" शिर्षक राखी अनियमितता सम्बन्धी समाचार लेखेका थिए । सोही विषयमा मण्डलले आफ्नो नाम कीन छापेको ? भन्दै पत्रकार गुप्तालाई मोबाइलमा गालीगलौज तथा ज्यान मार्ने धम्की दिएका थिए ।

समाचार लेखेको निहुँमा पत्रकारलाई धम्की दिने मण्डललाई अविलम्ब पक्राउ गरि कानुनी कारवाहीको माग गर्दै पत्रकार महासंघ सप्तरी शाखाले चरणबद्ध रुपमा आन्दोलन चलाएका बेला मण्डल पक्राउ परेका हुन् ।

यसैबीच बिहीबार नै पत्रकार महासंघ शाखा सप्तरीका सभापति श्रवणकुमार देवको नतृत्वको पत्रकारहरुको टोलीले निमित्त प्रमुख जिल्ला अधिकारी जितेन्द्र कुमार यादवलाई ध्यानाकर्षण पत्रमार्फत पत्रकार धम्क्याउने मण्डलमाथी कडा कानुनी कारवाहीको माग गरेका छन् ।

# शास्त्रीय सङ्गीतका गुरु गुरुदेव कामतको निधन



**दैनिक समाचारदाता**
**सिरहा, १७ साउन ।**

नेपाली शास्त्रीय सङ्गीत क्षेत्रका परिचित व्यक्तित्व गुरुदेव कामतको ६९ वर्षको उमेरमा बिहीबार निधन भएको छ ।

केही महिनादेखि मिर्गौलामा समस्या देखिएपछि काठमाडौँमा उपचार गराई रहेका उनको आर्थिक समस्याका कारण थप उपचार गर्न नसकेर जन्मथलो सिरहाको पोखरभिन्डा फर्केका थिए ।

दुई साताअघि जन्मथलो फर्किएका उनले लहानस्थित अस्पतालमा डायलासिस गराई रहेका थिए । गुरुदेव निकट मानिने कवि मुकुन्द पौडेलका अनुसार पछिल्ला दिनमा उनको स्वास्थ्य अवस्था बिग्रँदै गएको र

*बाँकी दुई पृष्ठमा*

## चट्याङबाट बच्ने उपाय:

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थान तथा रुखका छहारिमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : विष्णुपुर गाउँपालिका, सप्तरी

## सम्पादकीय ....

### बालश्रमिकलाई निरुत्साहित गर्नु आवश्यक

बालबालिकाहरु अझै पनि बालश्रम गरी गुजारा गर्दै आईरहेका छन । जिल्लाको अन्य ग्रामिण भेगहरुमा रहेका होटल तथा लँजहरुमा समेत बालबालिकाहरु दिनभरी बालश्रम गर्न बाध्य छन् । घरको आर्थिक अवस्था कमजोर रहेका कारणले कत्तिपय बालबालिकाहरु दिनभरी पढाई लेखाई गर्नुका साटो बाध्य भएर होटल तथा लँजहरुमा बालश्रम गरिरहेका छन । त्यस्तै जिल्लाका अधिकांश ईटा भटाहरुमा समेत भविष्यका कर्णाधार मानिने बालबालिकाहरु बालश्रम गरी आफ्नो पेट पाल्न बाध्य छन् ।

रहर होईन बाध्यता भविष्यका कर्णाधार बालबालिकाहरु पढने समयमा होटल तथा ईटाभट्टामा मजदुरी गर्दै आएपनि त्यसतर्फ सम्बन्धित निकायको ध्यान जान सकेको छैन । होटल तथा ईटाभट्टामा काम गर्ने बाल मजदुरहरु मध्ये अधिकांशको घरायसी समस्या रहेकाले बालश्रम गर्न बाध्य भएको अवस्था छ । कसैको आमाबुबा नरहेकाले बालश्रम गरीरहेका छन भने कत्तिपयले घरको आर्थिक अवस्था कमजोर भएकाले पढ्न नसकेर बालश्रम गरी आफ्नो र आफ्नो घर परिवारको समेत गुजारा गरिरहेका छन। सरकारले बालबालिकाहरुलाई उचित शिक्षा दिक्षा दिनका लागि विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरेपनि त्यसको खासै असर परेको छैन । आर्थिक अवस्था एकदमै कमजोर रहेका बालबालिकाहरु कसरी र के गरी घरायसी समस्या समाधान गर्ने समस्याले गर्दा पढने ईक्षा हुँदा हुँदै पनि बाध्य भएर पढाई छाडी मजदुरी गरिरहेका छन ।

तसर्थ सप्तरीमा भईरहेको बालश्रमलाई न्युनीकरण गर्नका लागि शिक्षाको पहुँचबाट टाढा रहेका बालबालिकाहरुलाई शिक्षामा सम्मान पहुँच पुऱ्याउनका लागि समयमै तीनै तहका सरकार तथा सरोकारवाला निकाय समेतको ध्यान पुग्नु आवश्यक छ ।

# गत आवमा वीरगञ्ज भन्सारबाट दुई हजारभन्दा बढी सवारी आयात

वीरगञ्ज, (पर्सा) १७ साउन (रासस)। गत आर्थिक वर्षमा वीरगञ्ज भन्सार कार्यालय विद्युतीय सवारी साधनभन्दाको तुलनामा इन्धनबाट चल्ने धेरै सवारीसाधन आयात हुने भएको छ। वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवमा नाका हुँदै एक हजार चार सय ३५ वटा इन्धनबाट चल्ने जीप, कार र भ्यानहरु आयात भएकामा सोही अवधिमा यो नाका हुँदै पाँच सय ११ वटा विद्युतीय सवारी आयात भएको देखिएको छ।

वीरगञ्ज भन्सार कार्यालय हुँदै गत आवमा रु दुई अर्ब १९ करोड ८९ लाख ९९ हजार बराबरका इनधनबाट चल्ने एक हजार चार सय ३५ वटा जीप, कार र भ्यान आयात भएका छन्। ती सवारीसाधन आयात हुँदा भन्सार कार्यालयले रु चार अर्ब ९६ करोड ९२ लाख १८ हजार राजस्व आम्दानी गरेको छ। आव २०७९/८० मा भने यो कार्यालय हुँदै रु एक अर्ब ७८ करोड ८७ लाख ६७ हजार मूल्य बराबरको एक हजार एक सय ४९ वटा जीप, कार र भ्यानहरु आयात भएका थिए। ती सवारीसाधन आयात हुँदा राज्यले चार अर्ब नौ करोड ५९ लाख १३ हजार राजस्व आम्दानी गरेको थियो। आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा दुई सय ८६ वटा बढी इन्धनबाट चल्ने जीप, कार र भ्यानहरु आयात भएको छ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा सवारीसाधनको आयात घट्दा पनि लक्ष्य अनुसारको राजस्व पछ्याउन नसकिएको बताउनुभयो। "गत आवमा आर्थिक मन्दी र सवारीसाधनको आयातमा कमी हुँदा राजस्व सङ्कलनमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ", उहाँले भन्नुभयो।

आव २०८०/८१ मा रु एक अर्ब १४ करोड ५० लाख ६७ हजार मूल्य पर्ने पाँच सय ११ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका छन्। ती सवारीसाधन आयात हुँदा कार्यालयले रु ५८ करोड १३ लाख १३ हजार मात्रै राजस्व सङ्कलन गरेको छ।

कार्यालय काअनुसार आव २०७९/८० मा यो भन्सार कार्यालय हुँदै रु एक अर्ब ५३ करोड मूल्य पर्ने तीन सय ९६ वटा विद्युतीय जीप, कार र भ्यान आयात भएका थिए।सो आवमा यो कार्यालयले भन्सारवापत रु ६० करोड ८८ लाख ६२ हजार सङ्कलन गरेको छ।

आव २०८०/८१ मा रु ३५ करोड ३८ लाख ४० हजार मूल्य पर्ने दुई सय ४० वटा डबल क्याव पीकअप सवारी आयात भएको थियो। सो गाडी आयात हुँदा ५९ करोड ८४ लाख ४१ हजार राजस्व सङ्कलन भएको थियो। जबकी आव २०७९/८० मा भने एक अर्ब १० करोड १३ लाख मूल्य पर्ने सात सय ७५ वटा डबल क्याव पीकअप गाडी आयात भएको थियो। ती गाडी आयात हुँदा राजस्व भने रु एक अर्ब ५५ करोड ४३ लाख १९ हजार सङ्कलन भएको थियो। सङ्ख्यात्मक रुपमा हेर्दा आव २०७९/८० को तुलनामा गत आवमा पाँच सय ३५ वटा कम आयात भएको थियो।

आव २०८०/८१ मा रु २७ करोड ४४ लाख ८९ हजार मूल्य पर्ने दुई हजार छ सय १३ वटा मोटरसाइकल आयात भएको थियो। जसबाट रु ३४ करोड ५४ लाख १० हजार राजस्व सङ्कलन भएको छ। जबकी आव २०७९/८० मा भने रु ८३ करोड १९ लाख दुई हजार मूल्य पर्ने आठ हजार सय ९५ थान मोटरसाइकल आयात हुँदा एक अर्ब १८ लाख राजस्व सङ्कलन भयो। आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा मोटरसाइकलका सङ्ख्याको आधारमा ६९ दशमलव ९५ प्रतिशत र राजस्वको आधारमा ६५ दशमलव ५२ प्रतिशतले घटेको छ।

आव २०८०/८१ मा ९९ करोड ८४ लाख २३ हजार मूल्य पर्ने चार सय ७८ वटा ट्रक, मिनि ट्रक आयात हुँदा रु ५७ करोड नौ लाख २४ हजार

*बाँकी तीन पृष्ठमा*

### *सहकारी रकम ...*

बचतकर्ताको १ करोड ३३ लाख २० हजार ८ सय २३ तथा संस्थाको ८८ लाख १७ हजार ६ सय ७७ गरी कुल २ करोड २१ लाख ३८ हजार ५ सय रुपैया अपचलन गरेको आरोप रहेको प्रहरीको भनाई छ।

संचालक र कर्मचारी अचानक सम्पर्कविहीन भएको र लामो समयसम्म संस्थामा तालाबन्दी भएको देखेपछि बचत फिर्ताका लागी पहल गर्न माग गर्दै बचतकर्ताहरु प्रहरी समक्ष पुगेका थिए।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले सात सदस्यीय संचालक समितीमध्ये अध्यक्ष बेचन यादव र अन्य ५ जना संचालक सदस्य भने अझै फरार रहेको जानकारी दिए।

अनुसन्धानको क्रममा अदालतबाट संचालक समितीका सबै सातै जना विरुद्ध पक्राउ पुर्जी जारी भएपछि तातेडलाई गत साउन ३ गते पक्राउ गरिएको थियो। अन्य फरार आरोपितहरुको खोजी कार्य भईरहेको डिएसपी नेउपानेले बताए।

### *शास्त्रीय सङ्गीतका ...*

तीन दिन अगाडिदेखि खाना खानसमेत छाडेका थिए।

साहित्यकार पौडेलसँगै कलाकार राधेश्याम विश्वकर्मा, गायक प्रभात सागरलगायतले गुरुदेवको मिर्गौला फेर्न आर्थिक समस्या भएको थाहा पाएपछि सहयोग जुटाउन पहल गरिरहेका थिए।

दिवङ्गत कामतको श्रीमती, तीन छोरा र एक छोरी छन्। शास्त्रीय सङ्गीतका गुरु कामत नेपाल-भारत क्षेत्रमा प्रख्यात छन्।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569



तातो हावा तथा लु लाग्दाका असरहरू

- हृदयको गति तीव्र हुने
- श्वासप्रश्वास र रक्तचाप कम हुने
- शरीरबाट पसिना ननिस्किने
- टाउको अत्यधिक दुख्ने
- चक्कर लाग्ने, अचेत हुने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- छाला सुक्खा, रातो र तातो हुने







गर्मीमा स्वास्थ्यको विशेष हेरचाह गरौं। उल्लेखित असरहरू देखिएमा बिरामीलाई तुरुन्त नजिकैको अस्पताल लैजाऔं।

अनुरोधकर्ता : सुरुङ्गा नगरपालिका, सप्तरी

# सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाहको तयारी गर्दै मधेस प्रदेश सरकार

जनकपुर, १७ साउन (रासस)।
मधेस प्रदेशका सार्वजनिक निकायबाट प्रवाह हुने सेवा प्रभावकारी बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गरिने भएको छ। 'इ-गभर्नेन्स' कार्यान्वयन गर्ने सम्बन्धमा सम्बन्धित निकाय एवं विज्ञसँग छलफल भएको छ्ग स।

देशभरि इ-गभर्नेन्ससँग सम्बन्धित असल अभ्यास मधेस प्रदेशमा लागू गर्ने विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छलफल भएको हो। प्रदेशका सार्वजनिक निकायबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी, सहज र तीव्र बनाउन इ-गभर्नेन्स लागू गरिने मधेस प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा सोहन साहले बताउनुभयो। उहाँले भन्नुभयो, "पहिले सरकारको तहमा 'डिजिटलाइजेसन' अभ्यास सुरु गरिनेछ अनि क्रमिक रूपमा सेवाग्राहीसँगै सरोकारवाला सबैलाई डिजिटलाइजेसनमा समेटिनेछ।"

आयोगका उपाध्यक्ष साहले प्रदेश इ-गभर्नेन्स लागू गर्दा आफैँ स्वामित्व लिनेगरी र आफ्नै स्रोतले गर्ने जानकारी दिनुभयो। उहाँले इ-गभर्नेन्स मुख्यमन्त्री तथा मन्त्रिपरिषद्का कार्यक्रमबाटै सुरु हुने बताउनुभयो। उहाँका अनुसार आरम्भमा मधेस प्रदेशका चारवटा स्थानीय सरकारका साथै सेवाग्राहीको अत्यधिक चाप हुने कार्यालयमा इ-गभर्नेन्स सुरु गरिनेछ। सरकारी कार्यालयसँगै विकास साझेदारका कार्यक्रमलाई पनि इ-गभर्नेन्सभित्र समेट्न सकिए तथ्याङ्कमा आधारित परिणाम प्रतिबिम्बन र सुशासन सुनिश्चित हुने डा साहले बताउनुभयो।

सूचना प्रविधिको माध्यमबाट मधेस प्रदेशका सार्वजनिक कार्यालयले प्रभावकारी ढङ्गले पारदर्शिता कायम गर्दै सेवा प्रवाह गर्ने विश्वास उपाध्यक्ष साहले व्यक्त गर्नुभयो।

# लिट्मस केवल्सको "पावर पार्टनर्स मीट २०८१" सम्पन्न




**दैनिक समाचारदाता**
**काठमाडौं, १७ साउन।**
नेपाली वायर तथा केबल उद्योगमा अग्रणी नाम लिट्मस इन्डिस्ट्रिज लिमिटेडले हालै मात्र आफ्नो दोस्रो पावर पार्टनर्स मिट २०८१ कार्यक्रम काठमाडौंमा सम्पन्न गरेको छ।

कार्यक्रममा देशैभरबाट लिट्मसका डिलर तथा वितरकका साथ साथै एम्इपि, इपिसी तथा कर्पोरेटहरु सहभागिता रहेको थियो। सो कार्यक्रममा कम्पनीको तर्फबाट जानकारीमूलक प्रस्तुतिका साथै उपलब्धिमूलक नेटवर्किङ सेसनको पनि आयोजना गरिएको थियो।

नेपालभरिबाट कार्यक्रममा सहभागी भएका च्यानल पार्टनरहरुको न्यानो आतिथ्यबाट सुरु भएको कार्यक्रममा लिट्मसले आफ्ना महत्वपूर्ण कोशेढुङ्गा, भावी योजना साथै नेपाली बजारकै पहिलो वातावरणमैत्री तार लिट्मसको इकोवायरजेडएच् बारे पनि सहभागीहरुलाई विस्तारमा जानकारी गराएको थियो।

कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक रोहित गुप्ताले कम्पनीको लगभग पाँच दशकको यात्रा र उपलब्धिहरु बारे विस्तृत रुपमा चर्चा गरेका थिए। कम्पनीका उपाध्यक्षका साथै नेपाल विद्युतीय उत्पादक संघ (निमा) का सचिव समेत रहेका सरोज मिश्राले लिट्मसको सुरुवात, हालको बजार उपस्थि तिर कम्पनीको विकासको प्रचुर सम्भावना बारे कुराहरु राखेका थिए।

मिश्राले कम्पनीलाई नेपाली बजारमा अग्रणी उत्पादकको रुपमा कायम राख्न कम्पनी गुणस्तर, अत्याधुनिक प्रविधि र नवप्रवर्तन प्रति जोड दिए।

सोही कार्यक्रममा कम्पनीले आफ्नो महत्वकाङ्क्षी र रणनैतिक भावी योजना अन्तर्गतको अत्याधुनिक प्रविधि र विशाल उत्पादन क्षमतासहितको परासीमा बन्दै गरेको नयाँ उत्पादन युनिट 'लिट्मस २.०'बारे पनि सहभागीलाई जानकारी गराएको थियो।

लिट्मस पावर पार्टनर्स मिट २०८१ को समापन नेटवर्किङ सेसन, सल्लाह, सुझाव आदानप्रदान र उद्योगी व्यवसायीहरुबीच आगामी दिनमा सहकार्य गर्ने सद्भाव र आकाङ्क्षासहित समापन भयो। लिट्मस इन्डस्ट्रिज र व्यवसायी, च्यानलपार्टनर्स, लगानीकर्ता, बैङ्किङ-इन्स्योरेन्स पार्टनर्स लगायत सम्पूर्ण सरोकारवालाहरुबीचको सम्बन्ध आगामी दिनमा अझै प्रगाढ हुने र सहकार्य मजबुत हुने अपेक्षा राखिएको छ।

### गत आवमा ...

राजस्व सङ्कलन भएको छ। आव २०७९/८० मा भने रु ८३ करोड ७४ लाख ६९ हजार मूल्यका तीन सय ५४ वटा ट्रक, मिनि ट्रकको आयात हुँदा राज्यले रु ४८ करोड ३२ लाख नौ हजार राजस्व सङ्कलन गरेको थियो।

आव २०७९/८० को तुलनामा सङ्ख्यात्मक रुपमा ती गाडीको आयात ३५ दशमलव ३ प्रतिशतले बढेको छ। भने सोही अवधिमा राजस्व पनि १८ दशमलव १५ प्रतिशतले बढेको छ। कार्यालयका अनुसार गत आवमा आयात भएका सवारीसाधन र सवारीसाधनसँग सम्बन्धित पार्टसले कूल राजस्व सङ्कलनमा आठ दशमलव २८ प्रतिशत हिस्सा ओगट्ने बताइएको छ।

जनहितमा जारी सन्देश
दाइजो प्रथा गैर कानुनी हो,
यसको अन्त्य गरौं।
बालविवाह गर्नु गराउनु सामाजिक अपराध हो।
बालविवाह नगरौं नराऔं,
बालविवाह रोकौं, बालबालिकाको सुनौलो
भविष्य निर्माणमा आजै देखि सबै लागौं।
"सानै छु पढ्न देउ, विवाह हैन पढ्न देउ"

अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी

## विश्व समाचार

### भारतमा आकस्मिक बर्षापछि आएको बाढीका कारण ५० जनाभन्दा बढी बेपत्ता

शिमला (भारत), १७ साउन (रासस/एएनआई)।
भारतको हिमाचल प्रदेशमा छोटो अवधिको अत्यधिक बर्षापछि आएको बाढीका कारण शिमला, मन्डी र कुल्लु जिल्लामा ५० जनाभन्दा बढी बेपत्ता भएका छन्।

हिमाचलका मुख्यमन्त्री सुखविन्दर सिंह सुक्कुले उद्धार र राहत कार्य जारी रहेको बताउनुभएको छ।

शिमलाको रामपुर तहसील, मन्डी जिल्लाको पधार तहसील र कुल्लुको जाओ, निर्मल गाउँमा बर्षाले निम्त्याएको विपद्पछि राष्ट्रिय विपद् व्यवस्थापन बल (एसडिआरएफ), राज्यस्तरीय विपद् व्यवस्थापन बल (एसडीआरएफ) प्रहरी, अग्नि नियन्त्रण सेवालगायतका टोलीहरू राहत तथा उद्धार कार्यमा संलग्न छन्।

राहत र उद्धार कार्यका लागि स्थानीय प्रशासनलाई निर्देशन दिई निगरानी गरिरहेको र सम्भावित थप सहयोग गर्न प्रतिबद्ध रहेको मुख्यमन्त्री सिंहले सामाजिक सञ्जालमार्फत जारी एक सन्देशमा उल्लेख गर्नुभएको छ।

यसैगरी हिमाचल प्रदेशका राजस्व मन्त्री जगत सिंह नेगीले शिमलाको सामेज क्षेत्रमा ३६ जना र मन्डी जिल्लाको टिक्केन क्षेत्रमा आठ जना बेपत्ता भएको र दुई जनाको शव फेला परेको जनाउनुभएको छ। समाचार तयार पार्दासम्म शिमला जिल्लाको सामेज क्षेत्रमा ३६ जना, मन्डीको टिक्केन क्षेत्रमा आठ जना बेपत्ता भएको जानकारी प्राप्त भएको छ। कुल्लु क्षेत्रमा मलानाको विद्युत परियोजनाको ब्यारेज क्षतिग्रस्त हुँदा मानिसहरू पनि फसेको र सडक सञ्जाल अवरुद्ध भएको छ।

हिमाचल प्रदेशमा भएको आकस्मिक र भारी बर्षाले पुगेको क्षति र जनजीवन प्रभावित भएपछि सङ्घीय स्वास्थ्यमन्त्री जगत प्रकाश नड्डाले केन्द्र सरकारबाट सहयोगको आश्वासन दिनुभएको छ। उहाँले हिमाचल विधानसभाका पूर्व मुख्यमन्त्री तथा विपक्षी दलका नेता जयराम ठाकुर र भाजपाका प्रदेश अध्यक्षसँग पनि कुरा गरी सबै भाजपाका कार्यकर्तालाई राहत कार्यमा संलग्न हुन निर्देशन दिनुभएको छ। यसैबीच, मन्डी जिल्ला प्रशासनले घटनाबारे सचेत गराउँदै बासिन्दालाई ब्यास नदीको छेउछाउमा नजान चेतावनी जारी गरेको छ।

### सामसुङका कर्मचारी पुनः आन्दोलित

सियोल, १७ साउन (रासस/एएफपी)।
सामसुङ इलेक्ट्रोनिक्सका दक्षिण कोरियाली युनियनका नेता तथा सदस्यले बिहीबार तलब तथा सुविधा वृद्धिका लागि माग गर्दै विरोध प्रदर्शन गरेका छन्। नयाँ वार्ता असफल भएपछि उनीहरूले कम्पनी अध्यक्ष र उत्तराधिकारीको घरमा घेराउ गरेका हुन्।

युनियनले जुलाईमा पनि तलब तथा सुविधा वृद्धिका लागि माग गर्दै हडताल गरेका थिए। उक्त समूहले सोही आन्दोलनलाई स्वरूप बदलेर 'अनिश्चितकालका लागि' विस्तार गरेको थियो। आन्दोलित कामदारहरूले यस हप्ताको सुरुमा उत्पादन मेसिन अवरुद्ध गरेपनि दोस्रो त्रैमासिकमा नाफामा भएकाले सेमिकन्डक्टर प्रशोधनमा ढिलाइ भए पनि प्रभाव तत्काल नहुने सनल सामसङ इलेक्ट्रोनिक्स युनियन (एनएसईयू) का उपाध्यक्ष ली ह्युन-कुकले बताउनुभयो।

युनियनले बुधबार व्यवस्थापनसँग अन्तिम वार्ता गरेको तर सहमतिमा पुग्न नसकेपछि आन्दोलनको घोषणा गरेको थियो।

सामसुङ इलेक्ट्रोनिक्सको हडतालका लागि ली जे योङ जिम्मेवार हुनुपर्छ भन्ने पोष्टर बोकेका युनियनका अधिकारीहरू बिहीबार सामसुङका अध्यक्ष ली जे योङको घर बाहिर भेला भई प्रदर्शन गरेका थिए। युनियनले कम्पनीले हडतालमा सहभागीको 'कालोसूची' सिर्जना गर्नेसहित अवैध माध्यमबाट हडताल तोड्न खोजिरहेको युनियनका प्रमुख सोन वु मोकले बताएउनुभयो।

यसैबीच सामसुङले बुधबार श्रमिक युनियन हडताल चाँडै समाप्त भएको सुनिश्चित गर्न सञ्चार र छलफल गरिरहेको र ग्राहकको प्रतिक्रिया दिन कुनै समस्या नभएको जनाएको छ।

आन्दोलनरत नेशनल सामसुङ इलेक्ट्रोनिक्स युनियनमा कम्पनीको एक चौथाई अर्थात् करिब ३६ हजार सदस्य रहेका दावी गरिएको छ। कम्पनीमा श्रम सङ्गठन गर्न वर्जित गरिएको छ। दुई वर्षअघि युनियनले लीको निवास अगाडि प्रदर्शन गरी तीनवटा थप बिदाहरू थप्न सफल भएको थियो।

### नाइजेरियाको चिया पसलमा बिस्फोट हुँदा १९ जनाको मृत्यु, दर्जनौं घाइते

कानो (नाइजेरिया), १७ साउन (रासस/एएफपी)।
उत्तरपूर्वी नाइजेरियास्थित एक गाउँको चिया पसलमा भएको बम विस्फोटमा परी १९ जनाको मृत्यु हुनुका साथै दुई दर्जनभन्दा बढी घाइते भएको नाइजेरियाली सुरक्षा स्रोतले बिहीबार जनाएको छ। स्रोतका अनुसार बुधबार साँझ बोर्नो राज्यको काउरी गाउँमा भएको विस्फोट पछिल्लो समयको सबैभन्दा घातक घटना हो। हालसम्म विस्फोटको कुनै पनि समूहले जिम्मेवारी लिएको छैन यद्यपी बोको हराम जिहादी समूह र उनीहरूको प्रतिद्वन्द्वी पश्चिम अफ्रिका क्षेत्रीय इस्लामिक स्टेट दुवै बोर्नोमा सक्रिय छन्। नाइजेरियाको सेनाले हालसम्म घटनाबारे कुनै प्रतिक्रिया दिएको छैन। बोर्नोको ग्वोजा क्षेत्रमा विवाह, अस्पताल र अन्त्येष्टिमा लक्षित गरी थुप्रै आत्मघाती आक्रमण गरी ३२ जनाको हत्या गरेको केही हप्तापछि काउरी आक्रमण भएको हो।

# मधेशी आयोगकी सदस्य सिंहलाई भारतीय पुरस्कार



**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

भारत विहार राज्यको राजधानी पटनामा आयोजित अन्तराष्ट्रिय क्षत्रीय विरांगना महासभामा अधिकार तथा महिला सशसक्तिकरण क्षेत्रमा योगदान पुऱ्याए वापत नेपाली अधिकारकर्मी एवं साहित्यकर्मी आभा सेतु सिंह सम्मानित भएकी छिन ।

राजविराज ९ निवासी ३८ वर्षिया सिंह राष्ट्रिय मधेशी आयोगकी सदस्य समेत हुन । अन्तराष्ट्रिय क्षत्रीय विरांगना फाउण्डेशनद्वारा विहीवार आयोजित ८ औ महासभा एवं अन्तराष्ट्रिय विरांगना सम्मान समारोहमा सिंहलाई "रानी पद्मावती शौर्य सम्मान २०२४"बाट सम्मानित गरिएको हो ।

पद्मावती शौर्य सम्मानबाट सम्मानित हुने सिंह पहिलो नेपाली महिला हुन । फाउण्डेशनका संस्थापक एवं सहमुख्य संरक्षक डा.एमएस सिंहले आभा सेतु सिंहलाई उक्त पुरस्कारबाट सम्मानित गरे । सिंहलाई पुरस्कारमा प्रतिक चिन्ह र सम्मानपत्र प्रदान गरिएको छ ।

महिला अधिकार तथा सशक्तीकरण क्षेत्रमा लामो समय देखी क्रियाशिल सिंह नेपाली, मैथिली र हिन्दी भाषा साहित्यमा समेत कलम चलाउदै आएकी छिन । फाउण्डेशनले मानव अधिकार, शान्ति, महिला सशक्तीकरण, भाषा साहित्य र संस्कृतको उत्थान लगायतका क्षेत्रमा योगदान गर्ने व्यक्तीत्वहरुको चयन गरी विगत ८ वर्ष देखि आफ्नो वार्षिक महासभाको अवसर पारेर सम्मान समारोहको आयोजना गर्दै आएको छ । कार्यक्रममा उनी सहित ९ जनालाई उक्त पुरस्कारबाट सम्मानित गरिएको छ ।

# काँग्रेस सप्तरीद्वारा समवेदना प्रकट

**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

नेपाली काँग्रेस मधेश प्रदेश कार्यसमिति सदस्य तथा मधेश प्रदेश सरकारका उर्जा, सिंचाई तथा खानेपानी मन्त्री शेषनारायण यादवलाई पितृशोक परेको छ ।

उनका बुबा सुबरन यादवको ७८ वर्षको उमेर साउन १५ गते मंगलबार असमायिक निधन भएकोप्रति नेपाली काँग्रेस जिल्ला कार्य समिति स्तब्ध भएको जनाएको छ ।

बिहीबार काँग्रेस सप्तरीका सचिव सनत मण्डलले एक शोक वक्तव्य जारि गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेका छन् ।


## राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस् ।

**सम्पर्क नं.**
९८४२८२१०८२, ९८१९७२५०८२
राजविराज नगरपालिका वडा नं. ४, मेनरोड


# शैक्षिक सामाग्रि बितरण गरि मनाइयो स्व. रामको स्मृती दिवस



**दैनिक समाचारदाता**
**राजविराज, १७ साउन ।**

भूमि अधिकार मञ्च नेपालका संस्थापक अध्यक्ष स्व. बलदेव रामको स्मृती दिवसको अवसरमा बिहीबार विपन्न दलित समुदायका तीन सय बालबालिकालाई शैक्षिक सामाग्रिबितरण गरिएको छ ।

जनचेतना दलित संगम नामक संस्थाले सिनो बहिष्कार आन्दोलनका अगुवा समेत रहेका दलित नेता स्व. रामको ७औं स्मृती दिवसको अवसरमा शैक्षिक सामाग्रि बितरण तथा श्रद्धाञ्जली सभा कार्यक्रमको आयोजना गरेको हो ।

संस्थाका अध्यक्ष रामलखन रामको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रदेशसभा सदस्य माला कर्णले विपन्न समुदायका बालबालिकालाई शैक्षिक सामाग्रि बितरण गरे । बितरण गरिएको शैक्षिक सामाग्रिहरुमा ब्याग, पोशाक, कपी, पेन्सिल लगायतका सामाग्रिहरु रहेको संस्थाका प्रतिनिधि प्रेम विश्वकर्माले जानकारी दिए ।

यसरी शैक्षिक सामाग्रि पाउनेमा खडक नगरपालिकाका ३२, सप्तकोशी नगरपालिकाका १००, बालनबिहुल गाउँपालिकाका ३०, अग्निसाइर कृष्णासवरण गाउँपालिकाका १०० र सुरुङ्गा नगरपालिकाका ३८ जना विपन्न समुदायका बालबालिका छन् ।

सो अवसरमा दलित अधिकारका विभिन्न आन्दोलनमा अगुवाई गरेका अर्जुन थपलिया, दशन मण्डल, देवलाल राम र चन्देश्वरी देवी सदालाई सम्मान समेत गरिएको छ ।

कार्यक्रममा प्रदेशसभा सदस्य माला कर्णका साथै पूर्वसांसद अशर्फी सदा, पूर्वनगर प्रमुख मुक्तीनाथ चौधरी, वडा अध्यक्ष देवेन्द्र चौधरी, लगायतले स्व. रामको योगदानको चर्चा गर्दै उनको स्मृती एवं सम्मानमा प्रतिष्ठान दर्ता गरी अघि बढ्नुपर्ने र यसका लागि आप-आफ्ना स्तरबाट सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

# क्यान्सर अस्पतालमा बिरामी मृत्यु भएपछि दुई नर्स निलम्बित

चितवन, १७ साउन (रासस) ।

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा उपचाररत बिरामीको किमो (क्यान्सर कोषहरूलाई नष्ट गर्न प्रयोग गरिने औषधि) को मात्रा बढी दिएर मृत्यु भएपछि दुईजना नर्सलाई निलम्बन गरिएको छ । दुईजना नर्सलाई निलम्बन गरिएको छ भने दुई चिकित्सकसहित २३ जनासँग स्पष्टिकरण माग गरी सचेत गराइएको हो ।

अस्पतालमा उपचारका लागि आएका बिरामीलाई दिनुपर्ने भन्दा दश गुणा बढी किमोको मात्रा दिएपछि मृत्यु भएको थियो । बिरामीलाई तीन दशमलव चार मिलिग्राम किमो दिनुपर्नेमा ३४ मिलिग्राम दिएपछि बिरामीको मृत्यु भएको देखिएको अस्पतालका सूचना अधिकारी गृहीनारायण महतोले बताउनुभयो ।

अस्पतालले दिएको जानकारी अनुसार लमजुङको दोर्दीका ५० वर्षीय भक्तराज गुरुङको खुट्टामा छालाको क्यान्सर भएपछि उहाँको उपचार भइरहेको थियो । उपचारका क्रममा आवश्यकभन्दा बढी किमो दिएपछि गुरुङको मृत्यु भएको महतोले बताउनुभयो । उहाँका अनुसार मेडिकल वार्डमा तीन पटकसम्म सोही मात्राको किमो दिएपछि बिरामीको शरीरले उक्त मात्रा धान्न नसकेर गत असार १३ गते राति मृत्यु भएको थियो ।

खुट्टाको छालाको क्यान्सर 'मेलानो'मा भएपछि शल्यक्रिया गरिएको थियो । रोग फैलिएर खुट्टा मुनिको काछसम्म पुगेर गाँठागुठी देखिएपछि 'बायप्सी' (क्यान्सर भए/नभएको पत्ता गराउन गरिने परिक्षण) गरेर क्यान्सर एकीन गरिएको थियो । सो पश्चात् बिरामीलाई किमो दिन थालिएको थियो", उहाँले भन्नुभयो ।

बिरामीको उपचारमा लापरबाही भएको देखिएपछि अस्पताल प्रशासनले दुई चिकित्सकसहित २३ जना नर्ससँग स्पष्टिकरण मागेको छ । सूचना अधिकारी महतोका अनुसार नर्स प्रभा तामाङ् र आकृति श्रेष्ठलाई निलम्बन गरिएको छ ।

अस्पतालले उपनिर्देशक डा उमेश नेपाल, मेडिकल अङ्कोलोजी विभागका प्रमुख डा गुरुशरण शाह र नर्सिङ् प्रमुख अनिता देवकोटा रहेको छानबिन समिति गठन गरेको थियो । समितिले यही साउन ३ गते प्रतिवेदन बुझाएको महतोले जानकारी दिनुभयो ।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलले अध्ययन टोलीले आफ्नो प्रतिवेदन दिएपछि सोही आधारमा दुईजनालाई निलम्बन र २३ जनालाई स्पष्टिकरण सोधिएको बताउनुभयो । यससँगै आवश्यक कारबाही प्रक्रिया अघि बढाइने उहाँले जानकारी दिनुभयो ।

पौडेलले भन्नुभयो "काममा लापरबाही देखिएकाले आवश्यक कारबाही गर्नेछौँ । आगामी दिनमा यस्ता लापरबाही हुन नदिन नियमित अनुगमनका गर्ने व्यवस्था मिलाउने छौँ ।"


## जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : छिन्नमस्ता गाउँपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*